# तेमाल गाउँपालिका

## ज्येष्ठ नागरिक परिचय -पत्र वितरण कार्यविधि, २०७९

तेमाल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पोखरीनारायणस्थान, काभ्रेपलाञ्चोक ।

प्रदेश नं. ३ ,नेपाल

# जेष्ठ नागरिक परिचय-पत्र वितरण कार्यविधि, २०७९

१.परिचय

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान ,सिप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रदा, आदर तथा सद्भाव अभिवृद्धि गर्नुका साथै राज्यद्धारा तोकिएको सेवा एंव सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसुचि -८ को क्र.सं. १६ बमोजिम तथा स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा १०२ बमोजिम तेमाल गाउँकार्यपलिकाको मिति २०७९/१२/१५ को बैठकले पारित गरी कार्यविधि लागु गरेको छ।

२. परिचय-पत्र वितरणका आधार

नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय -पत्र वितरणका आधार हुनेछन् ।

३. उदेश्य :

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानिय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने । उक्त लगत राख्ने कार्यमा एकरुपताका लागि अनुसूचि, २ को ढाँचामा लगत राख्नु पर्नेछ ।

ख) नेपालको संविधान  प्रदत ज्येष्ठ नागरिकहरको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन सार्वजनिक कार्य, स्वास्थ्य सेवा, तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा , न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान , सिप , क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

४. लक्षित वर्ग : ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसार साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

५.ज्येष्ठ नागरिकको वर्गिकरण

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहाय बमोजिम गरिएको छ।

(क) साठी वर्ष पुरा गरी सत्तरी वर्ष उमेर पुरा नगरेको ज्येष्ठ नागरिक ।

(ख) सत्तरी वर्ष  उमेर पुरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक ।

(ग)असाहय ज्येष्ठ नागरिक।

(घ)अशक्त ज्येष्ठ नागरिक ।

(ङ)एकल ज्येष्ठ नागरिक ।

६.परिचय -पत्र वितरणका मापदण्ड

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेका नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचयपत्र प्रदान गर्न सकिने छ ।

७. ज्येष्ठ नागरिक परिचय -पत्रको ढाँचा यस निर्देशिकाको अनुसुची -१ बमोजिम हुनेछ । ज्येष्ठ नागरिक परिचय-पत्रको आकार नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ। उक्त परिचयपत्र एकातर्फ नेपाली भाषामा र पछाडी पट्टि अंग्रेजी भाषामा समेत हुनेछ ।

८. परिचय-पत्र वितरण प्रक्रिया

(क) ज्येष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयं वा निजको संरक्षकले सम्बन्धीत स्थानिय तहको वडा कार्यालयमा वडा अध्यक्ष समक्ष निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साईजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिताको प्रमाण-पत्रलाई आधार मानिनेछ ।

(ग) ज्येष्ठ नागरिक परिचय- पत्र गाउँपलिकाको कार्यालय मार्फत प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीद्धारा प्रदान गरिने छ ।

(घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लगत तोकिए बमोजिमको सप्टवेयरमा कम्प्युटराइज गरी वडा तथा गाउँपालिका कार्यालय मार्फत वार्षिक रुपमा सम्बिन्धीत प्रदेश र संघको मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

(ङ)ज्येष्ठ नागरिक परिचय -पत्रको प्रतिलिपि लिन गाउँ कार्यपालिकाको कार्यालय तेमालगाउँपालिकामा रु १००।-(एक सय रुपैया) दस्तुर सहित निवेदन पेश गर्नु पर्नेछ ।

(च) यस गाउँपालिका बाहेक अन्य स्थानको नेपाली नागरिकताको प्रमाणपत्र भएमा अनिवार्य रुपमा निजले बसाई सराई वा मतदाता परिचयपत्र पेश गर्नुपर्नेछ ।

(६) यस पूर्व महिला तथा बालबालिका कार्यालयबाट ज्येष्ठ नागरिकहरुले प्राप्त गरेको परिचय पत्र यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

९. विविध

(क) ज्येष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धि अन्य कुराहरु तेमाल गाउँकार्यपालिका आफैले निर्धारण गर्नेछ ।

(ख) गाउँ कार्यपालिकालाई आवश्यक लागेमा कार्यपालिकाका ज्येष्ठ सदस्यको संयोजकत्वमा कार्यविधिले तोके बमोजिमका सदस्य रहने गरी एक ज्येष्ठ नागरिक कल्याण समिति गठन गर्न सक्नेछ ।

अनुसूची १

**तेमाल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

पोखरीनारायणस्थान, काभ्रे

ज्येष्ठ नागरिक परिचयपत्र

फोटो

नाम,थर : ...............................................................

ना.प्र.नं :.............................................

ठेगाना :जिल्ला :.........................................गा.वि.स /न.पा .........................

वडा नः ....................................टोल/गाउँ .....................................

उमेरः...........................................लिङ्गः...................................

उपलब्ध छुट तथा सुविधाहरु : ..........................................

पति/पत्नीको नामः........................................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरण : ......................................

सम्पर्क गर्नुपर्ने व्यक्तिको नाम,थर :

सम्पर्क ठेगाना :.......................................

रक्त समुह र रोग भए रोगको नाम र सेवन गरिएको औषधीको नाम

:....................................

<u>प्रमाणित गर्ने अधिकृतको</u>

दस्तखतः

नामथरः

पदः

कार्यालयः

कार्यालयको छाप

**ज्येष्ठ नागरिक आवेदन फारामको नमुना**

श्रीमान प्रमुख ज्यु

तेमाल गाउँपालिका, काभ्रे ।

विषयः ज्येष्ठ नागरिक परिचयपत्र पाउँ ।

महोदय,

ज्येष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका, २०७४ अनुसार मेरो उमेर ६० बर्ष पुरा भइसकेको हुनाले ज्येष्ठ नागरिक परिचय पत्र प्राप्तिको लागि निम्नअनुसारको विवरण सहित आवेदन गरेको छु। जो आदेश

१. नाम ,थर :............................

२. नागरिकता प्रमाणपत्र न. .......................................
३. ठेगाना : तेमाल गाउँपालिका वडा नं............टोल/गाउँ..............सम्पर्क न............
४.उमेरः.............
५.लिङ्ग...............
६.पति/पत्नीको नाम,थर : ............................
७.संरक्षकको नाम,थर ................................सम्पर्क ठेगाना...........जिल्ला..............पालिका वडा नं................टोल/गाउँ............सम्पर्क नं....................
८.हेरचाह केन्द्रमा बसेको भए सोको विवरण ....................................
९. रक्त समुह..............................
१०. कुनै रोग भए रोगको नाम ...........................................
११.औषधी सेवन गरिएको भए औषधीको नाम................................

| निवेदकको संरक्षक | निवेदक |
|---|---|
| दस्तखत................ | दस्तखत............. |
| नाम................... | नाम................... |
| ठेगाना.................. | ठेगाना................. |
| गाउँ/टोल................... | गाउँ/टोल.................. |
| घर नम्बर.................... | घर न....................... |
| मिति....................... | मिति......................... |
| सम्पर्क नम्बर............... | सम्पर्क नं.................. |
| निवेदकसंगको नाता .................... | |

| औठाछाप | |
|---|---|
| दायाँ | वायाँ |
| | |

| औठाछाप | |
|---|---|
| दायाँ | वायाँ |
| | |

उल्लेख भएको व्यहोरा यथार्थ भएको र सम्बन्धित व्यक्तिहरुले मेरो रोहबरमा सहिछाप गरेको हुँदा निवेदकलाई ज्उेष्ठ नागरिक परिचय पत्र उपलब्ध गराउन कुनै फरक नपर्ने तथा कुनै आपत्ति नहुने व्यहोरा सिफारिस गर्दछु ।

सम्बन्धित वडा अध्यक्षको,

सही.............

नामथर.............वडा नं................

मितिं............................

संलग्न कागजातहरुः १. नागरिकता प्रमाणपत्रको छाया प्रति १ थान

२. निवेदकको फोटो २ थान

वडा कार्यालयको छाप :